स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री तथा निर्मात्री निशा अधिकारी ८ वर्षपछि फिल्म निर्माणमा फर्किने भएकी छन्। उनी कार्यकारी निर्माताको रुपमा आबद्ध भएको फिल्म 'माया प्रीति'को शुक्रबार घोषणा गरिएको छ। यसअघि उनले सन् २०१७ मा प्रदर्शनमा आएको फिल्म 'झ्यानाकुटी' निर्माण गरेकी थिइन्। अवि श्रेष्ठको निर्देशनमा बन्न लागेको फिल्मको कार्यकारी निर्मातामा निशासहित सन्तोष कुमार कार्की छन्।

आजको विचार...



भोटको...
(दुई पेजमा)

दुर्गाप्रसाद अर्याल



अभिनेत्री केकी अधिकारीले चलचित्र 'परान' को हिस्सा बन्न पाएकोमा खुसी व्यक्त गरेकी छन्। उनले मनपर्ने र प्रतिभाशाली कलाकारहरूसँग काम गर्न पाउनु सम्मानको कुरा भएको बताएकी हुन्। 'हाम्रो नयाँ परियोजना 'परान' को आधिकारिक हिस्सा भएको कुरा साझा गर्न पाउँदा उत्साहित छु। मेरा केही मनपर्ने र प्रतिभाशाली कलाकारहरूसँग काम गर्न पाउनु सम्मानको कुरा हो। यो कथालाई जीवन्त पार्ने र नवोदित निर्देशक दीपकप्रसाद आचार्यलाई स्वागत गर्ने अवसरको लागि आभारी छु।

❐ वर्ष ३० ❐ अंक १८३ ❐ २०८१ माघ १३ गते आइतबार 26 January 2025, Sunday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### कारखानामा भएको विष्फोटमा परी ८ को मृत्यु

(रासस/सिन्हवा)

**नयाँ दिल्ली,** माघ १२/भारतको महाराष्ट्र राज्यको एक अस्त्र कारखाना भित्र भएको शक्तिशाली विस्फोटमा कम्तीमा आठ जनाको मृत्यु हुनुका साथै अन्य सात जना घाइते भएका स्थानीय अधिकारीहरूले बताएका छन् । महाराष्ट्रको राजधानी मुम्बईबाट करिब ८३० किलोमिटर पूर्वमा रहेको भंडारा जिल्लामा रहेको कारखानामा स्थानीय समय अनुसार बिहान १०:३० बजे विस्फोट भएको हो । स्थिति नियन्त्रणमा लिन अग्निनियन्त्रकहरू घटनास्थलमा पुगेका थिए । विस्फोटका कारण कारखानाको छत भत्किँदा मजदुरहरु फसेका थिए । अधिकारीहरूले भग्नावशेष हटाउन र फसेकाहरूको खोजी गर्न एक्साभेटर ल्याएका छन् । घाइतेहरूलाई एम्बुलेन्समार्फत अस्पताल लगिएको छ । विष्फोटको आवाज पाँच किलोमिटरको दायरामा सुनिएको समाचारमा जनाइएको छ ।

# पाल्पामा काँग्रेसले क्रियाशील सदस्यता नवीकरण गर्दै

## संगठनमा दत्तचित्त भएर लाग्न आग्रह

हाम्रा संवाददाता

**पाल्पा,** माघ १२/नेपाली काँग्रेस पाल्पाले महाधिवेशनका लागि पहिलो सर्त मानिएको क्रियाशील सदस्यता नवीकरणको कार्य अगाडि बढाएको छ । केन्द्रीय निर्देशन अनुसार काँग्रेसले जिल्लामा सदस्यता नविकरणको तयारी थालेको हो ।

'डिजिटल सदस्यता' सम्भव नभएपछि केन्द्रबाटै सदस्यता कार्ड र फारम प्रिन्ट गरी जिल्लाा वडा तहसम्म पुर्‍याउन थालिएको छ । सदस्यता नविकरणका लागि जिल्लाले क्षेत्रिय समितिलाई फारम पठाइसकेको छ । उक्त फारमहरु क्षेत्रिय समितिहरुले तल्लो तहका निकायहरुलाई बुझाएका छन् । शनिबार नेपाली काँग्रेस प्रतिनिधि सभा क्षेत्र नं. १ र २ ले छुट्टाछुट्टै कार्यक्रम गरी सम्बन्धित प्रदेश क्षेत्रका सभापति तथा प्रतिनिधिहरुलाई उक्त फारम हस्तान्तरण गरेका छन् । क्षेत्र नं. २ ले तानसेनमा १०० दिने विशेष अभियान तथा क्रियाशिल सदस्यता नविकरण फारम हस्तान्तरण कार्यक्रम गरी फारम सम्बन्धित तहमा पठाएको छ । कार्यक्रममा क्षेत्रिय सभापति मुक्तिराम जिसी र प्रमुख अतिथि काँग्रेस जिल्ला सभापति हिमालदत्त श्रेष्ठले क्षेत्र नं .२ अन्तर्गतका प्रदेश क्षेत्रिय सभापतिहरु रुक्मागत भट्टराई र लक्ष्मी अधिकारीलाई सदस्यता नविकरण फारम बुझाएका हुन् । कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि जिल्ला सभापति श्रेष्ठले संगठनलाई बलियो बनाउन सदस्यता नविकरणमा सक्रिय भएर लाग्न सम्बन्धित तहका नेताहरुलाई आग्रह गरेका छन् । उनले पार्टीमा लाग्ने जो कोहीको पनि आ-आफ्नो मिसन हुने र त्यो मिसन पुरा गर्नकै लागि भए पनि पार्टी संगठनमा दत्तचित्त भएर लाग्नुपर्नेमा जोड दिए । सभापति श्रेष्ठले भने 'ाजनीतिक गर्ने व्यक्ति कुनै न कुनै मिसन लिएर अगाडि बढेका हुन्छौं, कोही वडा अध्यक्ष बन्ने, कोही पालिका सभापति बन्ने, कोही क्षेत्रिय सभापति बन्ने, कोही प्रदेश त कोही केन्द्रीय नेतृत्वमा त कोही मन्त्री, सांसद बन्ने मिसनमा छौं, त्यो मिसन पुरा गर्नको लागि हामी पार्टी र संगठनमा दत्तचित्त भएर लागौं ।' कार्यक्रममा लुम्बिनी प्रदेश सदस्य राम कार्कीले क्रियाशिल सदस्यता वितरण गरेपछि सबै सदस्यलाई प्रशिक्षणको आवश्यक हुने र सोही प्रशिक्षणका लागि पार्टीले ध्यान दिनुपर्ने बताए । जिल्ला उपसभापति झपेन्द्र गहिरेले अझै पनि ग्रामीण क्षेत्रका नागरिकलाई वडाको सिफारिस लिन सकस रहेको भन्दै त्यसलाई समाधान गर्न वडा तहमा पार्टीको नेतृत्व गर्नेहरुलाई ध्यान दिनुपर्नेमा जोड दिए । महासमिति सदस्य कृष्ण बस्यालले विगतका दिक्ताहरुलाई विर्सेर संगठन बलियो बनाउने दिशामा लाग्न सबै नेतृत्वलाई आग्रह गरे । कार्यक्रममा नेपाली काँग्रेस बगनासकालीका सभापति ठानेश्वर तिमिल्सीना, तिनाउका सभापति प्रेम पाण्डे, रिब्दीकोटका कार्यवाहक सभापति चन्द्रमणी पोखरेल लगायतले हरेक कार्यक्रमहरु जिल्ला केन्द्रीत भएकाले अब गाउँ केन्द्रीत गर्न जिल्ला र क्षेत्रिय नेतृत्वलाई आग्रह गरे । क्षेत्रिय सभापति मुक्तिराम जिसीले जिल्ला र केन्द्रको निर्देशन अनुसार आफुहरुले काम गर्दै आएको बताए । उनले अहिले क्रियाशिल सदस्यता नविकरणका लागि क्षेत्र अन्तर्गतका क्षेत्रिय समितिका सभापतिमार्फत पालिकाहरुमा र पालिकाका सभापतिहरुमार्फत फारमहरु वडामा पुग्ने बताए । सभापति जिसीको अध्यक्षता, प्रदेश सदस्य अधिवक्ता महेन्द्र पाण्डेको स्वागत, सचिव कृष्ण आलेको सञ्चालनमा कार्यक्रम भएको थियो । उता क्षेत्र नं . १ ले पनि शनिबार नै फारमहरु सम्बन्धित तहलाई बुझाएको छ । काँग्रेसका निवर्तमान जिल्ला सभापति एवं लुम्बिनी प्रदेशका सांसद विरबहादुर राना र क्षेत्रिय सभापति झमनबहादुरराज मगरले सम्बन्धित क्षेत्रलाई फारम हस्तान्तरण गरेका हुन् । फारम हस्तान्तरण गर्दै प्रदेश सांसद रानाले पार्टीलाई थप सशक्त बनाएर लैजान सबै वडादेखि पालिका सबै नेतृत्वलाई आग्रह गरे ।






# आज विश्व कुष्ठरोग दिवस मनाइँदै

**पाल्पा,** माघ १२/७२ औँ विश्व कुष्ठरोग दिवस नेपालमा पनि विभिन्न कार्यक्रमका साथ मनाइँदैछ । कुष्ठरोगसम्बन्धी गलत धारणाको अन्त्य गर्ने उद्देश्यले आज नेपालभर विभिन्न कार्यक्रम गरी दिवस मनाउन लागिएको हो ।

हरेक वर्ष जनवरी महिनाको अन्तिम आइतबार विश्व कुष्ठ रोग दिवस मनाउने गरिन्छ । कुष्ठरोग विरूद्ध जनचेतना फैलाउने उद्देश्यले सन् १९५४ देखि यो दिवस विश्वभर मनाउन थालिएको हो । सन् २०१० मै नेपालमा कुष्ठरोग निवारण भएको घोषणा गरिए पनि नेपालमा नयाँ बिरामी देखिने गरेका छन् । नेपालमा प्रत्येक वर्ष तीन हजारभन्दा बढी नयाँ बिरामी थपिने गरेका सरकारी तथ्यांकमा छ । कुष्ठरोग वंशाणुगत रोग भने होइन् । तर, परिवारमा वा समुदायमा कसैलाई देखिएको छ भने अरुमा पनि देखिन सक्ने सम्भावना भने उच्च रहने चिकित्सकहरु बताउँछन् । यदि समयमै कुष्ठरोगको उपचार हुन नसके रोगीहरू अपांग हुने र ज्यानसमेत गुमाउन सक्ने जोखिम भने तीव्र हुन्छ । कुष्ठरोग आँखाले देख्न नसकिने 'माइकोव्याक्टेरियम लेप्रे' नामक सुक्ष्म कीटाणुबाट लाग्ने एक प्रकारको ज्यादै कम सर्ने रोग हो । उपचार नगरेको कुष्ठरोग बिरामीसँग लामो समयसम्म सम्पर्कमा आउने व्यक्तिलाई मुख्यत: श्वासप्रश्वासको माध्यामबाट यो रोग सर्ने गरेको पाइन्छ । चिकित्सकका अनुसार कुष्ठरोगले मुख्यतया स्नायु र छालालाई असर गर्दछ । समयमा उपचार नगरिएमा, यसले स्नायु क्षति, अनुभूति (सनसनी) गुमाउने र हात, खुट्टा र अनुहारको मांसपेशिको पक्षाघात गराउन सक्छ । विश्वका सय भन्दा बढी देशमा वार्षिक दुई लाखभन्दा बढी व्यक्तिलाई कुष्ठरोगको लक्षण देखिने गरेको छ । सरकारले सन् २०१० को जनवरीमा कुष्ठरोग निवारण भएको घोषणा गरे पनि अहिलेसम्म नेपालमा पूर्ण रुपमा कुष्ठरोग निवारण भने भइसकेको छैन । ९५ प्रतिशत मानिसमा कुष्ठरोगको कीटाणुसँग लड्नसक्ने क्षमता हुन्छ । चिकित्सकका अनुसार मानिसबाट मानिसमा सर्ने यो रोग उपचार नगरेको कुष्ठरोगी बिरामीसँग लामो समयसम्म (कम्तीमा हप्तामा २० घण्टाभन्दा बढी समयसम्म) सम्पर्कमा आउने व्यक्तिलाई मुख्यत: श्वासप्रश्वासको माध्यमबाट सर्दछ । शुरुकै अवस्थामा रोगको निदान र उपचार गरेमा यो रोग अरुलाई सर्दैन ।





पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## कुष्ठरोगीलाई तिरस्कार होइन, उपचार गरौं

जनवरी महिनाको अन्तिम आइतबार अर्थात् आज विश्व कुष्ठरोग दिवस विभिन्न कार्यक्रम गरी मनाइदै छ । कुष्ठरोग प्रभावितहरूप्रति जागरुकता देखाउने उद्देश्य अनुसार सन् १९५४ देखि विश्वभरबाट यो रोग विरुद्ध मनाउन थालिएको हो । नेपाल सरकारले सन् २०१० मा नेपालबाट कुष्ठरोग निवारण भएको घोषणा गरे पनि नेपालमा कुष्ठरोगीको संख्या बढ्दो क्रममा छ । रोग निवारणमा सरकारले प्राथमिकता नदिँदा संसारकै सबैभन्दा पुरानो मानिएको यो रोगका बिरामी घट्नुको साटो बढिरहेका छन् । यो आफैमा दुःखद् हो । विश्व स्वास्थ्य संगठनका अनुसार प्रति १० हजार जनसंख्यामा एक जना पनि बिरामी नहुनुलाई जनस्वास्थ्य समस्या नभएको मानिन्छ । तर नेपालमा भने कुष्ठ रोगीको संख्या धेरै छ । प्राथमिकतामा नपर्दा सन् २०२० सम्म देशबाट कुष्ठरोग उन्मूलन गर्ने सरकारको रणनीति असफल भएको छ ।

कुष्ठरोग माइक्रोब्याकटेरियम लेप्री नामक किटाणुबाट हुने दीर्घ संक्रामक रोग हो । लामो समयसम्म आफ्नो सान्निध्यमा भएका व्यक्तिको श्वासप्रश्वासको माध्यमबाट यो अन्य मानिसहरूमा सर्दछ । तर, छुँदैमा, हात मिलाउँदैमा भने यो रोग सर्दैन । करिब ८० प्रतिशतमा यो रोग आफैं ठिक हुन्छ भने रोग प्रतिरोधात्मक क्षमता कमजोर भएका करिब २० प्रतिशत मानिसहरूलाई उपचार आवश्यक पर्छ । उनीहरूमा यो रोग विभिन्न प्रकारबाट देखिन सक्छ । माइक्रोब्याकटेरियम लेप्रीलाई प्रयोगशालामा सामान्य रुपमा उमार्न सकिँदैन र यसलाई मुसाको खुट्टामा मात्र उमार्न सकिन्छ ।

कुष्ठरोगको असर छालामा मात्र नभई, नसा, आँखा, हाडजोर्नी, अण्डकोष, कलेजो, मिर्गौला, मुटु र फोक्सो समेत सुन्निन सक्छ । तर कुष्ठरोग समयमै पत्ता लगाई उपचार गरेमा कुरूप तथा अङ्गभङ्ग हुनबाट जोगिनुका साथै रोग निको हुनेमा सन्देह छैन । हाम्रो नेपाली समाजलले अझै पनि यो रोगलाई पूर्वजन्मको पाप भएको भन्दै अपमान गर्ने गर्दछन् । यो पूर्व जन्मको पाप होइन, एक किसिमको रोग मात्र हो । जुन औषधि उपचार गरे निको हुन्छ । तसर्थ दिवसको अवसरमा कुष्ठरोगीहरुलाई तिरस्कार होइन सम्मान गरौं र औषधि उपचार गरे निको हुन्छ भन्ने सचेतना जगाऔं ।

### Opinion @ Social Network

थकाइ बिनाको यात्रा र पर्खाइ बिनाको माया को कुनै स्वाद हुँदैन ।

**सागर कार्कीको** ***फेसबुकबाट*** *;https://www.facebook.com/Sagar.Karki*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# भोटको आशामा आशा जगाउन नसकेको गणतन्त्र



दुर्गा प्रसाद अर्याल
durga.p.aryal@gmail.com

समृद्धि र विकाससँगै जनताको जीवनस्तर सुधारको नारा दिदै संविधान र व्यबस्था परिवर्तनले करीब एक दशक अवधि पुरा गर्दै गर्दा गणतान्त्रिक साशन व्यवस्था माथि आशा हैन् निराशा उत्पन्न भएको हो की भन्ने सबाल उठेको देखिन्छ । देशको नेतृत्वकर्ता मुख्य राजनीतिक दलले मतदातालाई प्रभाव पार्नका लागि गरिने निर्णय, जातीय र धार्मिक खलबल ल्याउने अभिव्यक्ति, सत्ताका लागि सार्वभौमिकताको कत्ती ख्याल नगरि गरिने देश भित्र र बाहिरका सम्झौताहरु आशा जगाउन नसक्नुका मुख्य कारण हुन् । गणतान्त्रिक साशन व्यवस्थामा हरेक पक्षबाट देश बलियो हुँदै जाने गर्दछ तर नेपालमा भने यसको विपरीत । विश्लेषकहरु भन्ने गर्दछन् गणतन्त्र ल्याउनका लागि नेतृत्व गर्ने र ल्याउन साथ दिने राजनीतिक दलहरु पछिल्लो समय जनताबाट सहानुभूती प्राप्ती, भोटको आश र बिदेशीलाई रिझाउने नाममा केहि नयाँ गर्न नसक्ने नीरीह अवस्थामा पुगेको देखिन्छ । यहाँ यसैसँग सम्बन्धित विविध पक्षलाई लिएर चर्चा परिचर्चा गर्ने प्रयास गरिएको छ ।

१०४ बर्षीय जहानीया राणा साशनदेखि नै जब प्रजातन्त्रको बहस र आन्दोलन भयो त्यहि समय देखिनै नेपालमा कतै न कतै गणतन्त्रको आवाज उठेको देखिन्छ । वि.स २००६ सालमा गणतन्त्र स्थापनाका लागि नेपाल कम्युनिष्ट पार्टीको स्थापना हुनु यसको प्रमाण हो । आज भन्दा करीब आठ दशक अगाडि देखिनै नेपालमा यसको बहस भएको इतिहास भेटिन्छ । प्रजातन्त्र प्राप्ती पछिका राजाहरुले कहिले काहि राजनीतिक दल प्रतिकुल व्यबहार गर्दा यो शब्दले प्राथमिकता पाएका घटनाहरु हामी सामु रहेका छन् । माओवादीले बि.स २०५२ सालदेखि चलाएको सशस्त्र जनयुद्ध, वि.स २०५८ को राजा विरेन्द्रको बंश नाश हुने दरवार हत्याकाण्ड, राजा ज्ञानेन्द्रको दल विरोधी कदम र वि.स २०६२ ०६३ को जन आन्दोलन नेपालमा गणतन्त्र स्थापनाका मुख्य कारणहरु हुन् । विश्वमै उत्कृष्ट मानिएको गणतान्त्रिक साशन व्यवस्थाले नेपालमा भने छोटो समयमै जनतामा आशा जगाउन भने सकेको देखिदैन् ।

**गणतन्त्रले आशा जगाउन नसक्नुका केहि कारणहरु :** भोका नाङ्गा, सिमान्तकृत वर्गहरु, पछाडि पारीएका जन्ताहरु, देशको दुर्गम स्थानमा बस्ने जनताहरु प्राथमिकतामा पर्नु पर्ने गणतान्त्रीक शाशन व्यबस्थामा सिमित वर्गले देशको स्रोत साधनबाट लाभलिने दरमा कमि हुनुको सट्टा झनै बढदै गएको, समानुपातिक बितरणको विषय केहि नेता,मन्त्री,सरकार सञ्चालकका आसेपासे, डन, कार्यकर्ता, ठेकेदार आफ्न्त, आसे-पासे, धुपौरे र चम्चेहरुनै रमाउने र त्यही वर्गले हरेक स्थानमा प्रभाव पार्ने गरेको देखिन्छ । त्यो आशा जगाउन भने सकेको देखिदैन् । हरेक साशन व्यवस्था र सरकारबाट जन्ताले राख्ने अपेक्षा र चाहना हो निर्वाचित सरकारले पुरा समय साशन सञ्चालन गरोस्, सरकारका हरेक क्रियाकलापहरु, छलफलहरुमा देश र जनता केन्द्रमा परुन् तर उत्कृष्ट शाशन व्यबस्था मानिने गणतन्त्रमा यो पक्षको अभ्यास भएको देखिदैन् । राजनीतिक दलहरु सत्ता प्राप्ति र आफ्नो स्वार्थ पूरा गर्नको लागि जस्तो सुकै हर्कत गर्न पनि पछि नपर्ने अबस्थामा पुगेका छन् । सरकारमा जानु पार्टीलाई पैसा जम्मा गर्नु र आगामी चुनावका लागि तयारी थाल्नु दलको उद्देश्य देखिन्छ । राजनीतिक अस्थिरता र सरकार परिवर्तनको दर उस्तै हुनु गणतन्त्रको सबै भन्दा नकरात्मक पक्ष रहेको देखिन्छ ।

> *केन्द्रीकृत शाशन व्यबस्थाको कारण विकास र जनताको जीवनस्तरमा सुधार नभएको अनुभूती गरेका गणतन्त्रवादीहरुले देशलाई संघीय साशन व्यबस्थासगै विकेन्द्रीत साशनमा रुपान्तरण गरेता पनि नाममात्रका दूई सरकारले अनुभुती गर्ने बिकेन्द्री शाशन व्यबस्थाको अभ्यास गर्न सकेको देखिदैन् । एकातिर आवश्यक ऐन नियमको अभावमा यसले मूर्तरुप लिन सकेको देखिदैन् भने अर्को तिर केहि शक्ति समूह र गुटको उद्देश्य परिपूर्तीमा केन्द्रीत हुदा र आबश्यक अधिकार प्रत्योजन गर्न नसक्दा गाउँ घरमै सीह दरबार भन्ने नारा नारामै सिमित रहेको देखिन्छ । अझै पनि स–साना कामका लागि संघीय सरकारको राजधानी काठमाडौ धाउनु पर्ने अबस्था उस्तै हुनु यसको जलन्त उदाहरण हो ।*
>
> *हरेक संस्था, निकाय, सवैधानिक अंग लगायत हरेक पक्ष र क्षेत्रमा भागबण्डा र राजनीतिक हस्तक्षेप र राजनीतिक आरक्षण बढ्दै गईरहेको छ । यहि कारण राजनीतिक नेतृत्वलाई कर्मचारी टेर्दैनन् भने कार्यालय प्रमुखलाई मातहतका कर्मचारी टेरदैनन् । राज्यका प्रमुख अंगमा गरिएको राजनीतिक हस्तक्षेपले ती निकायहरु काम गर्न नै नसक्ने अबस्थामा पुगेको देखिन्छ । बिशेष गरेर न्याय दिने अदालत र अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा यसको प्रभाव देखिएको छ ।*

देश बलियो बनाउने एउटै आधार हो बलीयो अर्थतन्त्र तर गणतान्त्रिक साशन व्यबस्था अभ्यासको करीब दुई दशकको अबधी बेथित गर्दै गर्दा अर्थतन्त्रका धेरै जसो सुचक झनै दयनिय अबस्थामा पुगेको देखिन्छ । संघीयता अर्न्तगत प्रदेश र स्थानीय तहको संरचनाको निर्माण संगै जनताले हरेक क्षेत्रमा करको दर भारी मात्रामा तिर्नु पर्ने अबस्था सिर्जना भएेको देखिन्छ । यहि कारण आम्दानी खर्च गरेर आधारभूत आवश्यकता पूरा गर्ने अबस्थामा सर्वसाधरण देखिदैनन् । खर्च अत्याधिक बढ्दै गईरहेको छ तर आम्दानीका थप स्रोतको खोजिमा सरकारहरुको ध्यान पुगेको देखिदैन् । जनतामा करको दर थप्नु वाहेक अरु स्रोतको खोजी सरकारले गरेको देखिदैन् । वैदेशिक ऋणको दर झनै बढ्दै गएको् देखिन्छ । सरकारको आम्दानीको ठूलो स्रोत साँवा व्याज भुक्तानीमा छुट्याउनु परेको छ । यहि कारण सरकारले जनताका आशा जगाउने कार्य गर्न सकेको देखिदैन् ।

देशको अर्थतन्त्रको अबस्था, समानुपातिक र प्राथमिकताका क्षेत्रका आधारमा बजेट बन्दैन आजभोली रातारात करका शिर्षक, बजेका शिर्षकमा परिवर्तन हुने गर्दछ । केहि सिमित वर्ग र मुठीभरका समूहले बजेटबाट लाभ लिईरहेको देखिन्छ । अर्थतन्त्र जे सुकै होस् जनतालाई क्षणिक प्रभाव पार्ने कार्यक्रमहरु वजेटमा समावेश गर्ने गरेको पाईन्छ । आवश्यकता र औचित्यका आधारमा हैन्, सस्तो लोकप्रीयताका आधारमा बजेट बनाउने प्रबृत्ती बढ्दै गएको देखिन्छ । बजेट जनताका लागि की सिमित वर्ग रमाउनका लागि भन्ने मत पनि गाणतन्त्रमा देखिन थालेको छ । गणतापन्त्रक शाशन व्यबस्थामा जातजाती,भाषा, धर्म,संस्कृती बीचको भाईचारा र एकता साथै क्षेत्रीय संन्तुलन माथी समस्या उत्पन्न हुन थालेको छ । राष्ट्रिय एकता भड्काउने अभिव्यक्ति राजनीति स्वार्थ र सस्तो लोकप्रीयताका लागि जिम्मेवार नेतृत्वले व्यक्त गरेको देखिन्छ । धर्म निरीपेक्षताको गलत व्याख्या भै रहेको छ । खुले आम धर्मको किनबेच भै रहेको छ । हिमाल, पहाड र तराई बिचको विगतको एकता र भाईचाराको सम्वन्ध माथि समस्या देखिन्छ । प्रदेश प्रदेश बीच, स्थानीय तह स्थानीय तह बीच दुरी बढ्दै गई रहेको देखिन्छ ।

केन्द्रीकृत शाशन व्यबस्थाको कारण विकास र जनताको जीवनस्तरमा सुधार नभएको अनुभूती गरेका गणतन्त्रवादीहरुले देशलाई संघीय साशन व्यबस्थासंगै विकेन्द्रीत साशनमा रुपान्तरण गरेता पनि नाममात्रका दूई सरकारले अनुभुती गर्ने बिकेन्द्री शाशन व्यबस्थाको अभ्यास गर्न सकेको देखिदैन् । एकातिर आवश्यक ऐन नियमको अभावमा यसले मूर्तरुप लिन सकेको देखिदैन् भने अर्को तिर केहि शक्ति समूह र गुटको उद्देश्य परिपूर्तीमा केन्द्रीत हुदा र आबश्यक अधिकार प्रत्योजन गर्न नसक्दा गाउँ घरमै सीह दरबार भन्ने नारा नारामै सिमित रहेको देखिन्छ । अझै पनि स-साना कामका लागि संघीय सरकारको राजधानी काठमाडौ धाउनु पर्ने अबस्था उस्तै हुनु यसको जलन्त उदाहरण हो ।

हरेक संस्था, निकाय, संवैधानिक अंग लगायत हरेक पक्ष र क्षेत्रमा भागबण्डा र राजनीतिक हस्तक्षेप र राजनीतिक आरक्षण बढ्दै गईरहेको छ । यहि कारण राजनीतिक नेतृत्वलाई कर्मचारी टेर्दैनन् भने कार्यालय प्रमुखलाई मातहतका कर्मचारी टेरदैनन् । राज्यका प्रमुख अंगमा गरिएको राजनीतिक हस्तक्षेपले ती निकायहरु काम गर्न नै नसक्ने अबस्थामा पुगेको देखिन्छ । बिशेष गरेर न्याय दिने अदालत र अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा यसको प्रभाव देखिएको छ । यसका साथै कर्मचारीतन्त्र माथि ठाडो राजनीतिक हस्तक्षेप बढ्दै गएको छ, यहि कारण उनीहरु काम गर्ननै नसक्ने अबस्थामा पुगेको देखिन्छ ।

**निष्कर्ष :** गणतन्त्रको बिकल्प गणतन्त्रनै हो यसमा दुईमत नरहला । काम गर्न नजान्ने, सरकार सञ्चालन गर्न नसक्ने, गुटको स्वार्थमा आफुलाई उभ्याउने, क्षणिक स्वार्थमा रमाउने देश सञ्चालक राजनीति दलका नेतृत्वनै गणतन्त्रमा आशा जगाउन नसक्नुका मुख्य कारक तत्वहरु हुन् । भोटको आशा र सस्तो लोकप्रीयताका लागि गरिने सम्झौता ,निर्णय र अभिव्यक्तीले गणतन्त्रमा आशा होइन निराशा उत्पन्न गराएको देखिन्छ ।

हामीले कल्पना गरेको गणतन्त्र एउटा राजा फालेर संयौ राजा तयार गर्ने खालको होइन । देश र जनतालाई प्राथमिकतामा राखेर कार्य गर्ने जनताको छोरो प्रमुख भएको गणतन्त्र हो । भोट र राजनीतिक स्वार्थ केन्द्रमा राखेर निर्णय हैन् , देश र जनतालाई केन्द्रमा राखेर गरौं । गणतन्त्रमा आशा जगाउने कार्य सम्बद्ध सबैले आ-आफ्नो तर्फबाट गर्दै जाऔं ।

***(लेखक अर्थशास्त्रका प्राध्यापक समेत हुन् ।)***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रेटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५,४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : समाजिक क्षेत्रमा मानसम्मान बढ्नेछ। स्वास्थ्यले साथ दिनेछ । | **तुला** : आफ्नो भावनाहरूमा नियन्त्रण राख्नुहोस् । मन प्रफुल्लित रहनेछ। |
| **वृष** : ठूलो सफलता हात लाग्नेछ । घरपरिवारको साथ र सहयोग मिल्नेछ। | **वृश्चिक** : विवाहको प्रस्ताव मिल्नेछ। मेहनत गर्दा अध्ययनमा सफलता मिल्नेछ। |
| **मिथुन** : पारिवारिक मनमुटाव बढ्नेछन्। सरकारी संस्थाबाट लाभ प्राप्त होला। | **धनु** : साझेदारी व्यापारमा लाभ रहनेछ। अरुको वादविवादमा आफू नपर्नुहोस्। |
| **कर्कट** : पठनपाठनमा धन खर्च हुनेछ। वकालतको क्षेत्रमा सफल रहनुहुनेछ। | **मकर** : समयमै बुझ्नमा सफलता मिल्नेछ। नयाँ कार्य हात लाग्नेछ। |
| **सिंह** : प्रशासनिक क्षेत्रमा प्रभाव बढ्नेछ। आहार विहारमा विशेष ध्यान दिनुहोला। | **कुम्भ** : कानुनी मामिलाहरूमा सतर्क रहनुहोस्। व्यापारमा मनग्य लाभ हुनेछ। |
| **कन्या** : आयका नयाँ स्रोतहरू बन्नेछन्। आर्थिक पक्ष सबल रहनेछ। | **मीन** : अवसरहरु गुमाउन सक्नुहुनेछ। स्वास्थ्यमा ध्यान दिनुहोस्। |

## कृषि

# नवलपुरका किसान तोरी खेतीमा आकर्षित



नवलपरासी (बर्दघाट सुस्तापूर्व)मा किसान तोरी खेतीमा आकर्षित भएका छन् । केही वर्षदेखि तोरीको मूल्य बढेपछि तोरी लगाउने किसानको सङ्ख्यामा बृद्धि भएको छ । अन्य बालीको तुलनामा तोरी खेतीबाट बढी फाइदा हुने तथा बजारबाट किनिएको तेल प्रयोग गर्नुभन्दा आफैँले उत्पादन गरेको तेल खान पाइने भएपछि किसान तोरी खेतीमा आकर्षित भएको कृषि ज्ञान केन्द्र नवलपुरका प्रमुख कुलप्रसाद तिवारीले बताए ।

यस वर्ष जिल्लामा एक हजार एक सय ९४ हेक्टर क्षेत्रमा तोरी बाली लगाइएको उनले बताए । गत वर्ष जिल्लामा एक हजार एक सय ७८ हेक्टर क्षेत्रमा तोरी खेती गरिएको थियो । गत वर्षभन्दा यस वर्ष थप १६ हेक्टर क्षेत्रमा तोरी खेती विस्तार भएको प्रमुख तिवारी जानकारी दिए । 'गत आर्थिक वर्ष २०८०र८१ मा एक हजार एक सय ७८ हेक्टर क्षेत्रफलमा तोरी खेती हुँदा एक हजार दुई सय ८३ मेट्रिकटन उत्पादन भएको थियो,' उनले भने, 'आव २०७९/८० मा एक हजार दुई सय ८५ मेट्रिकटन तोरी उत्पादन भएको थियो ।' जिल्लाको कावासोती, मध्यविन्दु, देवचुली र गैँडाकोट नगरपालिका क्षेत्रलाई तोरीको पकेट क्षेत्र मानिन्छ । प्रतिहेक्टर १०८ मेट्रिकटनले उत्पादन हुने गरेको तोरी खेतीप्रति कृषकको आकर्षण बढ्दै गएको कृषि ज्ञान केन्द्र नवलपुरका सूचना अधिकारी विश्वास काफ्लेले बताए । खासै दुःख पनि नहुने भएकाले जिल्लामा तोरी खेती फस्टाएको छ,' उनले भने, 'तोरी खेती बढ्नुको मुख्य कुरा भनेको मूल्य बढ्दै जानु र बजारमा आएका तेलमा मिसावट भएका कारणले जिल्लामा तोरी खेती गर्नेतर्फ किसानको आकर्षण बढ्दै गएको हो ।' असीदेखि ९० दिनमा तोरी खेती तयार हुन्छ ।

आफैँले उत्पादन गरेको तोरीको तेल गुणस्तरीय हुने र पिनासमेत मलको रूपमा प्रयोग गर्न पाइने भएकाले पनि किसान तोरी खेतीप्रति आकर्षित हुँदै गएका छन् । बर्सौंदेखि तोरी खेती लगाउँदै आएका कावासोती नगरपालिका-१५ का धनपति अधिकारीले घरमा वर्षभरि खान र केही बेच्न पनि पुग्ने गरी तोरी लगाएको बताए । 'दुई तीन वर्षदेखि गाउँ घरमा पनि तोरीको माग बढेको छ,' उनले भने 'घरका लागि पनि स्वस्थ तेल प्रयोगका लागि बर्सेनि खेती गरेकोमा केही वर्षदेखि गाउँ घरमै बिक्रीका लागि पनि धेरै लगाउने गरेका छौँ ।' *-रासस*

# यूरोप पुग्न थाल्यो कर्णालीको अदुवा र बेसार



कर्णालीमा उत्पादित अदुवा र बेसार युरोपसम्म पुग्न थालेको छ । सुर्खेतको भेरीगङ्गा नगरपालिका-५ कालिदमार स्थित अदुवा प्रशोधन उद्योगले ग्रामिण भेगबाट अदुवा खरिद गरेर विदेश निर्यात गर्न थालेको हो । उद्योगका अनुसार स्वदेशमा भन्दा विदेशमा अदुवाको माग धेरै छ । पहिले कर्णालीका किसानले उत्पादन गरेको अदुवाले बजार नपाउने समस्या थियो । कालिदमारस्थित अदुवा प्रशोधन उद्योगले अदुवा र बेसार प्रशोधन गर्न थालेपछि बजारको समस्या समाधान भएको हो । कर्णाली तथा लुम्बिनीमा उत्पादन हुने अदुवा अर्गानिक र गुणस्तरीय भएकाले पनि युरोपमा माग धेरै भएको उद्योगका प्रबन्ध निर्देशक सुलोचना श्रेष्ठले बताईन् । उनले भनिन्, 'बिक्रीको समस्या छैन, हामीले विदेश निर्यात गर्न थालेका छौँ । किसानको उत्पादन हामी खरिद गर्छौं, अब उत्पादन बढाउने तर्फ चाहीँ लाग्नुपर्छ ।' उद्योगमा बर्सेनी एक हजार पाँच सय मेट्रिकटन अदुवा र बेसार प्रशोधन हुन्छ । एक हजार चार सयभन्दा बढी अदुवा उत्पादक किसान उद्योगसँग जोडिएको कम्पनीले जनाएको छ । चालु आवमा आठ सय ५० रोपनीभन्दा बढी जमिनमा अदुवा लगाइएको तथ्याङ्क छ । २२ लाख किलो खरिद गरेर र दुई सय ३० टन सुकेको अदुवा यूरोप पठाउने लक्ष्य कम्पनीको छ । सात किलो आलो अदुवा सुकेपछि मात्र एक किलो सुकेको अदुवा बन्छ । कम्पनीमा एक सय ५० जना कामदार छन् । दैनिक एक सय २० जनाले काम गर्छन् । बेसार, अदुवा, अमिलोको बोक्रा, सिस्नु, दाल चिनीको पात प्रशोधन गरेर निर्यात गर्ने गरेको निर्देशक श्रेष्ठले बताईन् । डोटी, कैलाली, सुर्खेत, सल्यान र रुकुमलगायतका जिल्लामा अदुवा उत्पादन हुन्छ । उद्योगका अनुसार सबैभन्दा बढी अदुवा उत्पादन सल्यानमा हुन्छ । सल्यानबाट एक सिजनमा एक हजार दुई सय मेट्रिकटनसम्म अदुवा ल्याउने गरिएको छ । रुकुमबाट आठ सय र सुर्खेतबाट दुई सय मेट्रिकटनसम्म अदुवा उद्योगमा ल्याउने गरिएको छ । उद्योगले सिस्नो र टिमुर पनि प्रशोधन गर्दै आएको छ । किसानबाट सिस्नो र टिमुर पनि खरिद गर्न थालेको छ । सिस्नो र टिमुरलाई सुकाएर पाउडर बनाइन्छ । त्यसलाई प्याकिङ गरेर निर्यात गर्ने गरिएको उद्योगले जनाएको छ । *-रातोपाटी डटकम*

# शून्य खनजोत प्रविधिबाट मकैखेती

नवीनतम् प्रविधिबाट मकैखेती हुने भएपछि यहाँका किसान उत्साहित भएका छन् । खनजोत नै नगरी धान रोपेको खेतमा सोझै मकै बाली लगाउन सकिने भएपछि किसान उत्पासाहित भएका हुन् । झापा बाह्रदशी गाउँपालिका-६ किसान माता सोरेनले भने, 'मकै रोप्ने बेलामा उम्रिन्छ जस्तो लाग्दैन थियो, अहिले उम्रिएको बिरुवा हेर्दा खेती राम्रै हुन्छ जस्तो छ ।' मकैखेतीका लागि एक बिघामा खनजोतमा मात्र रु १० हजारदेखि १२ हजार खर्च हुने उनले बताए । 'पहिलोपटक यसरी खेती गरिरहेको छु', मकै उम्रिएपछि उत्साहित हुँदै उनले भने, 'पहिलोपटक भएकाले के कसरी गर्ने भन्ने अनुभव छैन, उत्पादन राम्रो भयो भने अर्को वर्षदेखि यसरी नै खेती गर्छु ।' 'कृषकलाई यन्त्र उपकरणको प्रयोग प्रदर्शनी कार्यक्रम'अन्तर्गत शून्य खनजोत प्रविधिबाट जिल्लाका तीन स्थानमा मकैखेती गरिएको छ । कृषि ज्ञान केन्द्रले बिर्तामोड नगरपालिका-९, कचनकवल गाउँपालिका-१ र बाह्रदशी गाउँपालिका-६ मा १०-१० कठ्ठा क्षेत्रफलमा शून्य खनजोत प्रविधिबाट प्रदर्शनीको रूपमा मकैखेती गरिरहेको छ । प्रदर्शनी खेती गरिएको ठाउँमा अनुगमन गरेर आवश्यक युरिया, पोटास, जिङ्कलगायत मलखाद उपलब्ध गराइएको कार्यालयका निमित्त प्रमुख सागर विष्टले जानकारी दिए । 'मकै उम्रिएर राम्रो बोट आएपछि किसान आकर्षित भएका छन्', उनले भने, 'मल र सिँचाइपछि अझै राम्रो हुन्छ ।' कृषि अनुसन्धान निर्देशनालय तरहरा सुनसरीको प्राविधिक सहयोगमा कृषि ज्ञान केन्द्रले प्रदर्शनीका रूपमा शून्य खनजोत प्रविधिबाट मकैखेतीको प्रदर्शनी खेती गरेको हो । यो प्रविधिको प्रयोगबाट किसानको उत्पादन लागत घट्नेछ भने नयाँ प्रविधि विस्तार र माटोको गुस्तर सुधार हुनेछ ।

धान काटेको खेतमा खनजोत नगरी मेसिनको प्रयोगबाट एकैपटक मकैको बीउ र मल हालेर मकै रोपिने कृषि ज्ञान केन्द्रले जनाएको छ । *-रासस*


**नेपाल विद्युत प्राधिकरण**
**(नेपाल सरकारको स्वामित्व)**
**प्रसारण निर्देशनालय**
**मध्यम भोल्टेज ग्रिड विकास विभाग**
**कालीगण्डकी रिडी १३२ के.भी प्रसारण लाइन आयोजना**
**मिर्मी स्याङ्जा**

*विकास आयोजनालाई वन क्षेत्र प्रयोग गर्न दिने सम्बन्धमा वन ऐन २०७६ को दफा ४२(२) तथा वन नियमावली २०७९ को नियम ९१ को उपनियम १ प्रयोजनार्थ*

**वन क्षेत्रको जग्गा प्रयोग वापत आयोजनाले सट्टा भर्ना उपलब्ध गराउनु पर्ने जग्गा प्राप्ति गर्न आयोजनालाई जग्गा उपलब्ध गराउन ईच्छुक जग्गाधनीहरुबाट आशयको प्रस्ताव आह्वानको सूचना**

**पुनः सूचना प्रकाशित मितिः २०८१/१०/१३**

नेपाल विद्युत प्राधिकरण, कालीगण्डकी रिडी १३२ के.भी प्रसारण लाइन आयोजनाले प्रसारण लाईन निर्माणको लागि वन क्षेत्रको जग्गा स्थायी/अस्थायी तवरले प्रयोग गरे वापत वन ऐन २०७६ दफा ४२ (२) बमोजिम आयोजना सञ्चालनको लागि वन क्षेत्र उपलब्ध गराउदा जति वन क्षेत्र प्रयोग गर्नु पर्ने हो कम्तिमा त्यति नै क्षेत्रमा रुख रोप्नको लागि सम्भव भएसम्म आयोजना स्थलको नजिक पर्ने राष्ट्रिय वन क्षेत्रसँग जोडिएको र समान भौगोलिक र परिस्थितिकीय क्षेत्रमा पर्ने तथा वनको विकास गर्न सकिने भू-वनोट भएको जग्गा उपलब्ध गराउनु पर्ने व्यवस्था अनुसार नेपाल सरकारलाई सट्टाभर्ना स्वरुप उपलब्ध गराउनु पर्ने ६.२१ (छ दशमलव दुई एक) हेक्टर क्षेत्रफलमा नघट्ने गरी तपशिलमा उल्लेख भएका जिल्ला तथा स्थानहरुमा पर्ने निजी जग्गा उपलब्ध गराउन चाहने ईच्छुक व्यक्तिहरुको समुहबाट आफुले दिन चाहेको जग्गाको प्रति रोपनी दररेट सहितको विवरण प्रष्ट खुलाई मिति २०८१/०९/१२ गते सुचना प्रकाशित गरिएको र पेश हुन आएका प्रस्तावहरुको मूल्याङ्कन प्रतिवेदन उपर मिति २०८१/१०/१० गते पाल्पाका प्रमुख जिल्ला अधिकारीज्यूको अध्यक्षतामा बसेको जग्गा प्राप्ति सहजीकरण समितिको बैठकको छलफलबाट आयोजनाले पुनः एक पटक सूचना प्रकाशन गर्ने निर्णय गरेकोले २०८१/१०/२० गते कार्यालय समय भित्र तपशिलमा उल्लेखित स्थानहरुमा वा आयोजनाको ईमेल ठेगानामा आईपुग्ने गरि जग्गा उपलब्ध गराउने आशयको प्रस्ताव पेश गर्नको लागि पुनःसूचना प्रकाशित गरिएको छ ।

| सि.न | विवरण | |
|---|---|---|
| १. | स्थान | पाल्पा जिल्लामा पर्ने राष्ट्रिय वन क्षेत्रसँग जोडिएको क्षेत्र (वन ऐन २०७६ दफा ४२ (२) बमोजिम कालीगण्डकी रिडी १३२ के.भी प्रसारण लाइन आयोजनाको निर्माण क्षेत्रमा पर्ने बगनासकाली गाउँपालिका तथा तानसेन नगरपालिका क्षेत्रलाई प्राथमिकता दिइनेछ ) । |
| २. | क्षेत्रफल | राष्ट्रिय वन क्षेत्रसँग जोडिएका जग्गासँग एक आपसमा सिमाना जोडिएका जग्गाका जग्गाधनीहरुले समूह निर्माण गरी सामुहिक रुपमा एउटा समुहबाट एकमुष्ट (Package) ६.२१ हेक्टर (१२२-२-०-० रोपनी) क्षेत्रफलमा नघट्ने गरी प्रस्ताव पेश गर्नुपर्ने । |
| ३. | प्रस्ताव पेश गर्ने स्थान | -कालीगण्डकी रिडी १३२ के.भी प्रसारण लाइन आयोजनाको साइट कार्यालयः कालीगण्डकी गाउँपालिका वडा नं. ७ मिर्मी स्याङ्जा<br>-डिभिजन वन कार्यालय तानसेन पाल्पा<br>-जिल्ला प्रशासन कार्यालय तानसेन पाल्पा वा<br>आयोजनाको ईमेल(E-mail):<br>kgard132kv@nea.org.np, वा kgard132@gmail.com |

-प्रस्तावित जग्गाको जग्गाधनी पुर्जाको प्रतिलिपि, जग्गाधनीको नागरिकताको प्रतिलिपि, तिरो तिरेको रसिदर आफुले दिन चाहेको प्रति रोपनी जग्गाको दररेट समेत उल्लेख गरी खामबन्दी भएको हुनुपर्नेछ ।
-प्रस्तावकले खाम बाहिर जग्गा उपलब्ध गराउने सम्बन्धी प्रस्ताव भनी स्पष्ट लेखेको र सम्पर्क व्यक्ति र सम्पर्क नम्वर अनिवार्य उल्लेख भएको हुनुपर्नेछ ।
-प्रस्ताव वा निवेदन दर्ता गर्ने दिन विदा परेमा त्यसपछी कार्यालय खुलेको दिनमा माथि उल्लेखित समयमा दर्ता गर्न सकिनेछ ।
-जग्गा लिने तथा नलिने सम्बन्धी निर्णय वन नियमावली २०७९ को नियम ९२ वमोजिम जग्गा प्राप्ति सहजीकरण समितिको सिफारिस अनुसार गरिनेछ । साथै म्याद नाघि आएको वा रित नपुगेको प्रस्ताव माथि कुनै कारवाही गरिने छैन । साथै जग्गा प्राप्ति सम्बन्धमा नेपाल सरकारबाट जारी भएको ऐन, नियम आदिको पालना गर्नुपर्नेछ ।
-प्रस्तावमा कुनै कुरा अस्पष्ट एवं अधुरो भएमा सम्बन्धित जग्गाधनीसँग सम्पर्क गरि स्पष्ट गरिनेछ । उक्त स्पष्टता लिखित रुपमा लिइनेछ ।
-मापदण्ड पुरा भएका प्रस्ताव मध्ये कम मुल्य भएको प्रस्ताव छनोट गरिने छ ।

**आयोजनाको सम्पर्क नं. ९८४६६४९१२३, ९८५६०५१०५४**

# पाल्पा जेसीजको ४४ औं पद हस्तान्तरण






**पाल्पा,** माघ १२/पाल्पा जेसीजमा सामाजिक व्यक्तित्व तथा युवा व्यसायी जेसी विवेक काजी शाक्यको अध्यक्षतामा नयाँ समिति चयन भएको छ । वर्ष २०२५ का लागि शाक्यको अध्यक्षमा नयाँ समिति चयन भएको हो ।

समिति चयनसँगै जेसीजको ४४ औं पद हस्तान्तरण गरिएको छ । वर्ष २०२४ का अध्यक्ष अर्जुन कार्कीले वर्ष २०२५ का अध्यक्ष शाक्यलाई पद हस्तान्तरण गरेका हुन् । अध्यक्ष शाक्यसहित अन्य पदाधिकारी तथा सदस्यहरुले पनि पदभार ग्रहण गरेका छन् । तानसेनमा एक औपचारिक कार्यक्रमकाबिच २०२४ को समितिले २०२५ का नयाँ समितिलाई पद हस्तान्तरण गरेको हो । २०२५ का लागि निवर्तमान अध्यक्षमा जेसी अर्जुन कार्की, कानुनी सल्लाहाकारमा जेसी महेश खनाल, कार्यकारिणी उपाध्यक्षमा जेसी विजय कार्की, जेसी सुनिल चापागाई, महासचिवमा जेसी गणेश पन्थी, कोषाध्यक्ष जेसी सतिशराज शाक्य, उपाध्यक्षहरुमा जेसी कला दाहाल, जेसी बिक्रम सिंह, जेसी सुमन बस्याल, जेसी करन चित्रकार, सचिवमा जेसी प्रकाश कार्की र जनसम्पर्क अधिकारीमा जेसी दुष्यान्त भण्डारी, सह कोषाध्यक्षमा जेसी दिपेन्द्र बराल, तालिम संयोक जेसी सुनिल पंगेनी, प्रकरण निर्देशक जेसी निजमदिन मियाँ र शाखा सम्पादकमा जेसी बालकृष्ण बस्याल चयन भएको निर्वाचन आयुक्त मदन गाहाले जानकारी दिए । पद ग्रहण गरेसँगै नवनियुक्त अध्यक्ष शाक्यले पाल्पा जेसीजले वर्ष २०२५ का लागि युवा लक्षित कार्यक्रम गरिने बताए । उनले स्थानीयसँग समन्वय गरी युवाहरूको मन मस्तिष्कमा बस्न र समाज परिवर्तनको लागि नयाँ र विशिष्ट कार्य योजनाको साथ काम गर्ने उल्लेख गरे । अध्यक्ष कार्कीले युवाहरूको साथ लिएर समाज विकास र जेसीजको नयाँ उचाइलाई थप सशक्त पार्दै ईँट्टा थप्ने बताए । कार्यक्रममा जेसीजले तयको प्रकरणलाई प्रमुख अतिथि लुम्बिनी प्रदेशका सांसद तथा पूर्व मन्त्री वीरबहादुर रानाले अनावरण गरेका हुन् । थिम अनावरण गर्दै सांसद रानाले कार्की नेतृत्वको नयाँ समितिलाई बधाई तथा वर्ष २०२४ का अध्यक्ष कार्की नेतृत्वको समितिलाई हार्दिक आभार व्यक्त गरे । उनले समाज र मुलुकमा देखिएका विकृति, विसंगतीका विरुद्ध सशक्त ढंगले लाग्न समेत नयाँ नेतृत्वलाई आग्रह गरे ।

सांसद् रानाले अहिलेको व्यवस्थामाथि प्रहार भइरहेकाले युवाहरुको बलिदानीबाट ल्याइएको लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थालाई बचाई राख्न समेत जेसीजमा आवद्ध युवाहरु लाग्ने बेला आएको धारणा व्यक्त गरे । उनले भने 'अब जेसीजले फरक ढंगबाट रचनात्मक शैली अपनाएर अगाडि बढ्नुको विकल्प छैन् ।' कार्यक्रममा तानसेन नगरपालिकाका प्रवक्ता यादवसिं कार्की, नेपाल जेसीजका वर्ष २०२५ का राष्ट्रिय कार्यकारी उपाध्यक्ष सौरव श्रेष्ठ, पाल्पा शाखाको मातृ शाखा सिद्धार्थ नेपाल जेसिसका अध्यक्ष अर्जुन केसी, जेसीज पाल्पाका संस्थापक अध्यक्ष छत्रराज शाक्य, शाखाका पूर्व अध्यक्ष बुद्धिप्रसाद शर्मा लगायतले अर्जुन कार्की नेतृत्वले ऐतिहासिक र रचनात्मक काम गरेको भन्दै नयाँ समितिले पनि सोही अनुसार सक्रिय भएर काम गर्न नयाँ नेतृत्वलाई आग्रह गरे ।

वर्ष २०२४ का अध्यक्ष जेसी अर्जुन कार्कीले आफ्नो टिमले सिमित स्रोत साधानको बावजूद पनि थुप्रै काम गर्न सफल भएको बताए । नव निर्वाचित अध्यक्ष विवेककाजी शाक्यको धन्यवाद, महासचिव गणेश पन्थीको सञ्चालनमा कार्यक्रम भएको थियो । वर्ष २०२४ को नेतृत्वले विभिन्न क्षेत्रबाट सहयोग पुऱ्याउने र चिया उद्यमी कमला सारुलाई सम्मान समेत गरेको थियो । नव निर्वाचित अध्यक्ष शाक्यले पदभार ग्रहण गरेसँगै चिया उद्यमी सारुको छोरीलाई दाताको सहयोगमा कक्षा १० सम्म अध्ययन गर्न पूर्ण छात्रावृत्तिको व्यवस्था गर्ने उद्घोष गरेका छन् ।

खेलकुद समाचार

## एपीएफले जित्यो टी-२० क्रिकेटको उपाधि



**काठमाडौं,** माघ १२/प्रधानमन्त्री कप महिला टी-२० क्रिकेट प्रतियोगिताको उपाधि सशस्त्र प्रहरी बलको एपीएफ क्रिकेट क्लबले जितेको छ । सुदूरपश्चिम प्रदेशलाई नौ विकेटले हराएर एपीएफले उपाधि जितेको हो । धनगढीको फाप्ला मैदानमा सुदूरपश्चिमले दिएको ६८ रनको लक्ष्य पछ्याएको एपीएफले १२ ओभर पाँच बलमा एक विकेट गुमाएर भेटायो । एपीएफका लागि ममता चौधरीले अविजित ४३ रन र कप्तान इन्दु बर्माले अविजित १८ रन बनाए । त्यसअघि टस जितेर ब्याटिङ गरेको सुदूरपश्चिम १८ ओभर एक बलमा ६७ रनमा अलआउट भयो । सुदूरपश्चिमका लागि मनिषा बोहोराले अविजित १८ र कप्तान विन्दु रावलले १७ रन बनाइन् । एपीएफकी कबिता जोशीले तीन विकेट लिइन् । यस्तै सबनम राई र कप्तान इन्दु बर्माले समान दुई विकेट तथा करुणा भण्डारीले एक विकेट लिए । शुक्रबार भएको सुपर फोरको अन्तिम खेलमा बागमती प्रदेशलाई ३० रनले हराएर सुदूरपश्चिम फाइनलमा पुगेको हो ।

अर्थ /कर्पोरेट समाचार

## लैङ्गिक उत्तरदायी बजेट परीक्षणको समीक्षा



**पाल्पा (रामपुर),** माघ ११/जिल्लाको रामपुरमा लैङ्गिक उत्तरदायी बजेट परीक्षणको समीक्षा तथा छलफल भएको छ । नगरपालिकाले आर्थिक वर्ष २०८०/०८१ र २०८१/०८२ योजना कार्यक्रमको लैङ्गिक समानता र सामाजिक समावेशीकरण र लैङ्गिक उत्तरदायी बजेट परीक्षणको समीक्षा सहित छलफल गरेको हो । गत आर्थिक वर्षमा सञ्चालन भएका योजना मध्ये लैङ्गिक समानता र सामाजिक समावेशीकरणका विभिन्न सुचकको आधारमा भए गरेका कार्यक्रम र यसको समिक्षा भएको थियो ।

जस अन्तर्गत आर्थिक वर्ष २०७९/०८० मा भन्दा आर्थिक वर्ष २०८०/०८१ मा सञ्चालन भएका योजना तथा कार्यक्रम लैङ्गिक समानता र सामाजिक समावेशीकरण बढि भएको पाईएको छ । लैससासको विभिन्न सुचकमा प्राप्त गरेका अंकका आधारमा आर्थिक वर्ष २०८०/०८१ मा ९१.५ अंक प्राप्त गरेको छ । आर्थिक वर्ष २०७९/८० मा ८४ अंक प्राप्त गरेको थियो भने ०८०/०८२ मा ७.५ अंक बढेर ९१.५ अंक प्राप्त गरेको छ । यसका आधारमा रामपुर नगरपालिकामा साञ्चालन तथा कार्यान्वयन भएका योजना तथा कार्यक्रम लैङ्गिक समानता र समाजिक समावेशीकरणमुखी देखिएको छ । लैससासको ५ वटा सुचक मध्ये नीति कानुन योजनामा १९, संस्थागत व्यवस्थामा १८, मानव संसाधन तथा क्षमता विकासमा १८.५, सेवा प्रवाहमा १८, सुशासन तथा उत्तरदायित्वमा १८ अंक सहित प्राप्त अंकको आधारमा बढी लैङ्गिक समानता र समाजिक समावेशीकरणमुखी बन्दै गएको छ । यस्तै यस आर्थिक वर्षको बजेट लैङ्गिक उत्तरदायीमा सहयोगी देखिएको छ । संघीय लोकतान्त्रीक गणतन्त्रात्मक राज्य व्यवस्था पश्चात संविधानले प्रदत्त गरेका हरेक नागरिकको अधिकारलाई पूर्ण रुपमा प्रदान गर्नका लागि नगर सरकार प्रतिबद्ध भएर लागेको रामपुर नगरपालिकाका नगर प्रमुख रमण बहादुर थापाले बताए । सबैलाई समान र समतामूलक अधिकार प्रदान गर्नका लागि लैङ्गिक समानता र सामाजिक समावेशिकरणयुक्त बजेट विनियोजन तथा योजना निर्मण गर्दै आएको उनले बताए । साथै आगामी दिनमा अक्भ बढि लैङ्गिक उत्तरदायी बजेट विनियोजन गरि योजना सञ्चालन गरेर समृद्ध नगरपालिका निर्माणका लागि प्रतिबद्ध भएर लागेको थापाले बताए । सार्वजनिक वित्त व्यवस्थान परियोजना पाल्पाका संयोजक सुर्य किसनले नगरपालिकाले सञ्चालन गरेका योजना र कार्यक्रमका आधारमा अंक प्राप्त गर्ने भन्दै यसलाई अझ बढाउन उनले आग्रह गरे । यसका लागि सूचकको आधारमा योजना निर्माण तथा कार्यक्रम सञ्चालन गर्न आवश्यक रहेको नगर प्रमुख थापाले उल्लेख गरे । लैससासको अवधारणा अनुसार धेरै काम भए पनि कतिपय कागजी प्रक्रिया पूरा गर्न नसक्दा अंकका आधारमा केही कमजोर देखिए पनि लैंगिक उत्तरदायी बजेट विनियोजन भई काम भएको महिला बालबालिका शाखाका प्रमुख पुजा परियारले बताइन् ।

## अन्तर्राष्ट्रिय भन्सार दिवस मनाइँदै




**पाल्पा,** माघ ११/अन्तर्राष्ट्रिय भन्सार दिवस आज विविध कार्यक्रम गरी नेपालमा पनि मनाइँदैछ । विश्व भन्सार संगठनले हरेक वर्षको जनवरी २६ तारिखमा अन्तर्राष्ट्रिय भन्सार दिवस मनाउने घोषणा गरेसंगै नेपालमा पनि यो दिवस मनाउन थालिएको हो ।

आज अर्थ मन्त्रालय तथा भन्सार विभागले विविध जानकारीमुलक कार्यक्रम गर्दैछन् । भन्सार प्रशासनलाई व्यवस्थित र व्यवसायिक बनाउन भन्सार कार्यलयमा डिजिटलाइज प्रणाली लागू गर्ने, एकद्धार प्रणलीको विकास तथा सूचना प्रणालीमा आधारित विभिन्न उपप्रणालीको विकास र कार्यन्वयन गर्ने तथा भन्सार कार्यलयको प्रत्यक्ष अनुगमन लगायतको कार्य अघि बढाउने भन्सार विभागले जनाएको छ । पछिल्लो समय भन्सारमा मौलाउँदै गएको भष्ट्राचार निरुत्साहित गर्न समेत विभागले थप रणनिति बनाउने जनाएको छ । अवैध रुपमा सामान आयात गर्दा मुलुकको अर्थतन्त्रमा मात्र नभई सुशासन, विकास तथा मानव सुरक्षामा समेत विश्वव्यापी रुपमा खतरा बढेको भन्दै संगठनले सुरक्षित व्यवसायिक वातावरण निर्माण गर्न आवश्यक ठानेर नै यो दिवस मनाउन थालेको हो । भन्सार प्रशासन कार्यलाई राजस्व संकलनमा मात्र सिमित नराखी मुलुकको समग्र आर्थिक विकासका लागि सहज व्यवसायिक वातावरण निर्माण गर्नमा यो दिवसले महत्वपूर्ण टेवा पुऱ्याउने गर्दछ ।

पछिल्लो समय भन्सारमा मौलाउँदै गएको भष्ट्राचार निरुत्साहित गर्न सरकार उदासिन रहेको छ । जसका कामरण भन्सार छली गर्ने क्रम समेत बढेको छ । अहिले दैनिक रूपमा भन्सार नाकाहरूबाट छुटेका ट्रक समातिने र त्यसमा तिर्नुपर्ने राजस्व नतिरिएको पाइन्छ । दैनिक रुपमा सयौंको संख्यामा भन्सार छली हुँदासम्म सरकार र सम्बन्धित निकाय मौन हुने गर्दछन् । राजस्व छली महाअपराध हो । आफ्नै देशलाई ठगेर कमाइएको पैसाले त्यस्ता व्यक्तिको अतीत हुने निश्चित छ । तर, पनि राजस्वमा हुने छली रोकिनुको साटो बढ्नु अझै दुर्भाग्यपूर्ण छ । यस्ता गतिविधिमाथि छानविन र कारवाही हुन सकिरहेको छैन ।

## सबैलाई शिक्षा प्राप्त गर्ने अवसर प्रदान गरौं

- शिक्षा प्रत्येक बालवालिकाको अधिकार हो यसलाई सुनिश्चित गरौं,
-सबै बालवालिकालाई विद्यालयमा पुऱ्याऔं,
-प्रौढ शिक्षा, अनौपचारिक शिक्षा मार्फत सबैलाई साक्षर वनाऔं,
-शिक्षामा आधुनिक प्रविधिको प्रयोग गरौं,
-शिक्षामा लैङ्गिक समानता सुनिश्चित गरौं,
-प्राविधिक र व्यवसायिक शिक्षालाई जोड दिऔं,
-शिक्षामा सबैको सहभागिता सुनिश्चित गरी सभ्य समाजको निर्माण गरौं,
-साक्षरता कार्यक्रम सञ्चालन गरौ, साक्षर नेपाल निर्माण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## कर्मचारी आवश्यकता

नवजनचेतना दैनिकका लागि निम्न कर्मचारीको आवश्यकता परेको हुनाले इच्छुक योग्य नेपाली नागरिकबाट रितपूर्वकको दरखास्त आह्वान गरिन्छ ।

**१. पद :** लेखापाल, संख्या : एक जना
योग्यता : +२ उत्तीर्ण वा स्नातक अध्यायन गरेको
**२.पद :** कम्प्युटर अपरेटर
संख्या : एक जना
योग्यता : +२ उत्तीर्ण (फोटोसफ, पेजमेकर, इनडिजाइन तथा कम्प्युटरमा दक्षलाई विशेष प्राथमिकता)
**३.पद :** बजार प्रतिनिधि
संख्या : केही
योग्यता : +२ उत्तीर्ण
तलव : नियम अनुसार
आवेदन दिने अन्तिम मिति : २०८१/१०/२० गते सम्म ।
आवेदकले आफ्नो बायोडाटा सहित कार्यालयमा सम्पर्क गर्नुहोला ।
(बाइक, स्कुटीको लाइसेन्स भएका तथा अनुभवीलाई प्राथमिकता)

**कैलाशनगर मिडिया प्रा.लि.**
**(नवजनचेतना दैनिक)**
भगवतीटोल, तानसेन, पाल्पा
E-mail : njdnews@gmail.com

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई